# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


**Volume 17, Issue 4 No. 100 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Kartik 2074 (November 2017)**


## नेपाल टेलिकमको नयाँ सोधपुछ तथा ग्राहक सेवा केन्द्र



नेपाल टेलिकमको नयाँ सोधपुछ तथा ग्राहक सेवा केन्द्र एक कार्यक्रमका बीच सूचना तथा सञ्चार राज्यमन्त्री तप्तबहादुर बिष्टले असोज २७ गते काठमाडौंमा शुभारम्भ गर्नुभयो।

सो अवसरमा राज्यमन्त्री बिष्टले नेपाल टेलिकमको सेवाप्रति नेपाली जनता पूर्णरुपमा विश्वस्त भए तापनि ग्राहकसँग निरन्तर नजिक भइरहनका लागि सोधपुछ तथा ग्राहक सेवा केन्द्रले थप सहयोग पुऱ्याउने विश्वास ब्यक्त गर्नुभयो। उहाँले समय सापेक्ष नयाँ प्रविधि भित्र्याएर सेवा उपलब्ध गराए मात्र ग्राहकलाई सन्तुष्ट बनाउन सकिने र राजश्व पनि वृद्धि हुने बताउनु भयो।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव तथा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले नेपाल टेलिकमका सामू विविध किसिमका चुनौतीहरु पनि भएकाले त्यसलाई अवसरमा परिवर्तन गर्न तथा ग्राहकको गुनासोलाई सम्बोधन गर्नका लागि सेवा केन्द्रले सहयोग पुऱ्याउने बताउनु भयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले ग्राहकका जिज्ञासा तथा गुनासालाई समयमै सम्बोधन गर्न र कम्पनीलाई ग्राहकप्रति उत्तरदायी बनाइरहनका लागि सेवा केन्द्रको महत्वपूर्ण भूमिका हुने बताउनु भयो।

वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक देवनारायण यादवले यस प्रकारको सेवा पहिलेदेखि नै सञ्चालन गरिएको भए तापनि हाल नयाँ व्यवस्थापनमा सञ्चालन गर्न लागिएको बताउनु भयो।

१९७ मार्फत हुने सोधपुछ सेवा सोही दिनदेखि नयाँ संरचनाबाट सञ्चालनमा आइसकेको छ। GSM तथा CDMA मोबाइल ग्राहक सेवाका लागि १४९८ नम्बरमा डायल गरेर ग्राहकहरुले उक्त सेवा सम्बन्धी गुनासा तथा जिज्ञासा राख्न तथा आवश्यक जानकारी लिन सकिन्छ। यी सबै सेवा निःशुल्क रुपमा उपलब्ध छन्।

हालसम्म टेलिफोनबाट मात्र सेवाहरु दिइरहेकोमा सो सेवा केन्द्रबाट छिट्टै नै एसएमएस, इमेल तथा वेब च्याट सेवाको माध्यमबाट समेत सोधपुछ तथा ग्राहक सेवा उपलब्ध गराइने छ। त्यसैगरी फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालमार्फत प्राप्त सुझाव तथा गुनासाहरुको जवाफ पनि आगामी दिनमा यही केन्द्रमार्फत उपलब्ध गराउने व्यवस्था गरिने भएकोछ।

सोधपुछ तथा ग्राहकसम्बन्धी सेवा बाह्य संस्था (Outsourcing) मार्फत गर्ने कम्पनीको नीतिअनुसार हाल नयाँ व्यवस्थापन सहित हाइवे लिंक प्रालिसँग सम्झौता गरी सेवा उपलब्ध गराउन लागिएको हो।

## चाडपर्वको अवसरमा अफर तथा छुट

नेपाल टेलिकमले नेपालीहरुको महान चाड पर्वहरुको उपलक्ष्यमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि कम्पनीका सेवाहरुमा विभिन्न प्रकारका छुट तथा अफर उपलब्ध गराएको छ। कम्पनीले तिहार तथा छठको अवसरमा कात्तिक १ देखि १५ गतेसम्म प्रयोग गर्न सकिने गरी विभिन्न अफर उपलब्ध गराएको छ। यस अघि बडा दशैंको अवसरमा असोज ५ देखि १९ गतेसम्म विभिन्न अफर उपलब्ध गराएको थियो।

**१. रिचार्जमा बोनस :** जिएसएम तथा सिडिएमए प्रिपेड मोबाइलमा रिचार्ज कार्डमार्फत रिचार्ज गर्दा बोनस उपलब्ध गराइएको छ। रु. ५०।, रु. १००।-, रु. २००।-, रु. ५००।- र रु. १०००।-का रिचार्ज कार्ड मार्फत रिचार्ज गर्दा १० प्रतिशत बोनस उपलब्ध गराइएको छ। त्यसैगरी रु. १०।- र सो भन्दा बढी एम्पोस (MPoS) मार्फत रिचार्ज गर्दा समेत १० प्रतिशत बोनस उपलब्ध गराइएको छ। यो अफर २०७४ कात्तिक १ देखि ३ गतेसम्म रहने छ।

**२. युट्युब (YouTube) डाटा प्याक :** जिएसएम प्रिपेड तथा पोष्टपेड मोबाइलमा युट्युब डाटा प्याक अन्तर्गत एक सय रुपैयाँमा १ जिबी डाटा भोल्युम प्राप्त हुने व्यवस्था गरिएको छ। यो प्याक २१ दिनको अवधिसम्म प्रयोग गर्न सकिन्छ। त्यसैगरी

(बाँकी ४ पेजमा)

## प्रबन्ध निर्देशकको एक वर्षः केही उपलब्धिहरू

नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा कामिनी राजभण्डारी नियुक्त भएको एक वर्ष पूरा भएको (२०७४/०६/०६) सन्दर्भमा कम्पनीको केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरी उहाँले आफ्नो कार्यकालमा भएका उपलब्धिहरु प्रस्तुत गर्नु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको कम्पनीको एक वर्षको उपलब्धि :

### (१) सेवा वितरण तर्फ :

- २०७३ असार मसान्तसम्ममा कम्पनीको टेलिफोन ग्राहक आधार १ करोड ५० लाख १५ हजार २६ रहेकोमा २०७४ असार मसान्तसम्ममा १७.२३% ले वृद्धि भई कुल ग्राहक आधार १ करोड ७६ लाख २ हजार २०२ पुगेको छ।

**यसैगरी डाटा/इन्टरनेट ग्राहक आधार तर्फ**

- २०७३ असार मसान्तसम्ममा ७६ लाख ७ हजार ५६९ रहेकोमा २०७४ असार मसान्तसम्ममा १०.७६% ले बृद्धि भई कुल डाटा/इन्टरनेट ग्राहक आधार ८४ लाख २५ हजार ८९४ पुगेको छ।

(बाँकी २ र ३ पेजमा)



## प्रबन्ध निर्देशकको ... (१ पेजको बाँकी)

साथै, कम्पनीको Voice सेवाको टेलिघनत्व ५३.७१% बाट वृद्धि भई ६२.१३% पुगेको छ भने डाटा सेवाको घनत्व २७.२१% बाट वृद्धि भई २९.७४% पुगेको छ ।

### (२) आर्थिक उपलब्धि तर्फ :

आर्थिक वर्ष २०७२/७३ को Audited विवरण तथा आ.व. २०७३/७४ को Un-audited विवरणको तुलना गर्दा

**कम्पनीको कुल आम्दानी**

● अघिल्लो वर्ष रु. ४४ अर्ब २१ करोड रहेकोमा यस वर्ष करिब १.४% ले वृद्धि भई रु. ४४ अर्ब ८३ करोड पुगेको छ ।

यसैगरी,

**कुल खर्च**

● गत बर्ष रु २५ अर्ब ९८ करोड भएकोमा यस वर्ष करिब ६.२४% ले घट्न गई रु २४ अर्ब ३६ करोड कायम भएको छ ।

**करपछिको खुद मुनाफा**

● गत वर्ष रु. १३ अर्ब २७ करोड भएकोमा यस वर्ष करिब १३.११% ले वृद्धि हुन गई रु १५ अर्ब एक करोड पुऱ्याउन सफलता प्राप्त भएको छ ।

**प्रति शेयर आम्दानी (EPS)**

● गत वर्ष रु. ८८.४७ भएकोमा यस वर्ष रु. १००.११ पुगेको छ ।

### (३) कार्यक्रमगत उपलब्धिहरु :

### ३.१ तारसहित सेवा तर्फ :

एक्सचेन्जदेखि सेवाग्राहीसम्मको Copper Network को दूरी कम गरी अप्टिकल फाइबर सञ्जाल FTTH/FTTB/FTTC प्रयोग, मर्मत सम्भारमा सरलीकरण गर्दै सञ्चालनमा रहेका पुरानो प्रविधिका - TDM एक्सचेन्जहरुलाई आधुनिकीकरण गर्दै Future Proof नयाँ IP-based NGN SS/ IMS प्रविधिबाट प्रतिस्थापन गर्ने कार्यक्रम अन्तर्गत TDM Migration आयोजना सञ्चालन भएको छ । यो आयोजना अन्तर्गत पुराना प्रविधिका एक्सचेन्जहरुलाई Access Gateway (AG) ले प्रतिस्थापन गरी १००% ग्राहकलाई डाटा उपलब्ध गराउने क्षमता सहित ७१ स्थानका ९७ हजार २ सय २४ लाइन प्रतिस्थापन सम्पन्न भइसकेको छ । चालु आर्थिक वर्षमा थप २ लाख ५० हजार लाइन प्रतिस्थापन गर्ने कार्य शुरु भइसकेको छ ।

यसैगरी नयाँ १३४ स्थानमा AG सञ्चालन भई करिब ५० हजार लाइन र २६ हजार लाइन ADSL क्षमता वृद्धि भएको छ । कुल वितरण भएको ६ लाख ८१ हजार लाइन मध्ये २८% लाइन (करिब १ लाख ९० हजार लाइन) IP प्रविधिबाट सञ्चालन भइसकेको छ ।

यसै गरि Fiber to the Home (FTTH) सेवा, Fiber Lease Line सेवा उपलब्धतामा थप वृद्धि गर्न छिट्टै नै नक्साल, छाउनी, सुन्धारा र पाटन लगायतका मुलुकका विभिन्न स्थानहरुमा Fiber विस्तार गर्न आवश्यक कार्य भइरहेको छ । साथै तार सहितको सेवा तर्फको Supplementary Services हरुको Activation Charge, Caller ID आदि निशुल्क गरिएको छ ।

### ३.२ ताररहित सेवा तर्फ :

● नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणबाट 4G सेवा सञ्चालन गर्न प्रविधि तटस्थता अन्तर्गत मिति २०७३।०६।१४ को निर्णयअनुसार 1800 MHz ब्याण्डमा 4G LTE सञ्चालनको अनुमति प्राप्त भए पश्चात मुलुकमै पहिलो पटक मिति २०७३ पौष १७ मा काठमाडौं उपत्यका र पोखरामा सेवा सञ्चालन गरेको छ । यसबाट काठमाडौं र पोखरामा 4G Network विस्तारबाट डाटा खपतमा बृद्धि देखिएको छ । काठमाडौं र पोखरामा ५ लाख ग्राहकले हाल सञ्चालनमा रहेको 4G network मा LTE Subscription गरेको र LTE सञ्चालन पश्चात डाटा खपतमा करिब ७०% भन्दा बढी बृद्धि भएको छ ।

● मुलुकभर मोबाइल सेवाको VOICE कार्पेट कभरेज विस्तार तथा शहरी इलाकामा 3G Data सेवा विस्तारका लागि एक करोड लाइन क्षमताको GSM/UMTS आयोजना सञ्चालनमा ल्याइएकोमा एक बर्षको अवधिमा नयाँ १२७८ BTS सञ्चालन र पुरानो ५८० BTS प्रतिस्थापन गरिएको छ । यसै गरी २०७ WiMAX BTS बिस्तार र ८५ IP CDMA BTS बिस्तार भएको छ ।

● एक करोड क्षमताको GSM/UMTS आयोजनाको काठमाडौं उपत्यका र पश्चिमाञ्चल क्षेत्रको करिब ९९५ कार्य सम्पन्न भएको छ । काठमाडौं उपत्यका बाहेकको मध्यमाञ्चल क्षेत्र, पूर्वाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रको करिब ७०% कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षमा नयाँ साइट ६७२ BTS र Replacement साइट ४२३ BTS संचालनमा ल्याई आयोजना १००% सम्पन्न गर्ने गरी कार्य अघि बढेको छ ।

● यसैगरी मुलुकभर 4G/LTE सेवा विस्तार गरि द्रुतगतिको Data, Voice र Multimedia सेवा विस्तार गर्न 2G, 3G र 4G Network लाई Overlay को रुपमा सञ्चालन गरी ग्राहकलाई आ-आफ्नो रूचि र आवश्यकता अनुसारका सेवाहरुको छनौट गर्ने अवसर प्राप्त हुनेगरी VoLTE (voice over LTE) Service, ViLTE (video over LTE) Service तथा Coverage and Capacity का लागि Small Cell with WiFi विस्तार गर्न 4G LTE को बोलपत्र तयार भई आह्वान गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

● दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने नेपाल सरकारको नीतिअनुसार प्रतिफल कम आउने र तुलनात्मकरुपमा लगानी बढी हुने स्थानहरुमा समेत समान रुपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिंदै डोल्पाको दुनै र हुम्लाको सिमिकोटमा GSM प्रविधिको 3G मोबाइल सेवा सञ्चालनसँगै मुलुकको ७५ वटै जिल्लामा 3G सेवा सञ्चालन भएको छ ।

● यसै गरी यसै वर्ष मुगुको रारा क्षेत्रमा पहिलो पटक 3G सेवा बिस्तार, सिन्धुपाल्चोकको अति दुर्गम स्थान - चेपे डाँडा, बाग्लुङको उत्तर पश्चिम भेगको बिकट तमान खोला गाउँपालिका, सगरमाथा आरोहीहरुको गाउँ भनेर चिनिने दोलखाको बिकट मानिने गौरीशंकर गाउँपालिका, च्छो रोल्पा क्षेत्रको बेदिंग, धादिङको लापा र तिप्लिंगमा समेत GSM सेवा विस्तार भएको छ ।

● मुलुकमा उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्ने क्रममा हुम्ला जिल्लामा समेत WiMAX सेवा विस्तार गरी ७५ वटै जिल्लामा यो सेवा पुऱ्याउन सफलता मिलेको छ ।

● वीर अस्पताल, त्रि.वि. शिक्षण अस्पतालमा फ्री WiFi सञ्चालन भएको छ । दुर्गम क्षेत्रलगायत आवश्यकतानुसारका स्थानहरुमा ब्रोडब्यान्ड सेवा, सार्वजनिक स्थानमा WiFi सेवा, सार्वजनिक यातायातका साधनमा इन्टरनेट सेवा उपलब्ध गराइएको छ ।

● दूरसञ्चार क्षेत्रको बजारमा इन्टरनेट सेवाको माग बढ्दै गएकाले आगामी दिनमा डाटा सेवाको विस्तारको लागि अझ बढी सुविधा र सहजताका साथ ग्राहक माझ प्रस्तुत गर्न ग्राहकहरुको चाहना अनुरुप नयाँ नयाँ डाटा र Voice प्याकेजहरू बजारमा ल्याइएको छ । साथै मोबाइल डाटा सेवातर्फ Music Streaming र WOW Time TV Streaming जस्ता Value Added Services शुरु भइसकेको छ । WOW Time TV Streaming को शुरुवातको ३ दिनमा नै करिब ५० हजार भन्दा बढी ग्राहकको Subscription भएको छ । यसले कम्पनीले प्रदान गर्ने सेवाको प्रभावकारितामा नयाँ आयाम थप भएको छ ।

● मोबाइल वित्तीय सेवा Subsidiary/Joint Venture कम्पनी मार्फत यथाशीघ्र शुरू गर्ने तयारी भइरहेको छ ।

### ३.३ दूरसञ्चार पूर्वाधार निर्माण तर्फ :

▲ ग्रामीण दूरसञ्चार कोष मार्फत मध्य पहाडी अप्टिकल फाइबर आयोजना कार्यान्वयनको क्रममा रहेको छ । मध्य पहाडी लोकमार्गको पूर्वी खण्डमा पर्ने पाँचथरको चियो भञ्ज्याङबाट पश्चिममा धादिङ-गोरखाको आरुघाटसम्म बृहत साइट सर्भे सम्पन्न भएको छ । तुरुन्तै Optical Fiber पुऱ्याउन सम्भव नभएका ८ जिल्लाहरुमा Microwave Transmission बिस्तारको बोलपत्र २०७३ फाल्गुनमा आह्वान भई मूल्याङ्कनको क्रममा प्राप्त सम्पूर्ण बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नदेखिएकोले पुन बोलपत्रको आह्वान भएको छ । Optical Fiber Network, DWDM, Router उपकरणको बोलपत्र तयारी भई आह्वानको अन्तिम चरणमा रहेको छ ।

▲ भूकम्प प्रभावित क्षेत्रहरु मध्ये पुनर्निमाण प्राधिकरणबाट तोकिएका चार जिल्लाहरु सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नुवाकोट र रसुवाका ७४७ Service Point हरुमा Data सेवा उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरणसँग मिति २०७४/१/२१ मा सम्झौता भई WiMAX प्रविधि तथा सञ्चालनमा रहेका GSM/CDMA प्रविधिका अलावा ADSL उपलब्ध भएका स्थानहरुमा ADSL बाट समेत Internet/Data सुबिधा पुऱ्याउने सम्बन्धमा कार्य भइरहेको छ । काभ्रेपलाञ्चोकको डराउनेपोखरी, कालापानी, कार्तिके देउराली, नुवाकोटको खरानीटार, मदनपुर र सिन्धुपाल्चोकको कर्थलीमा WiMAX प्रविधिबाट सेवा सञ्चालन भइसकेको छ । साथै काभ्रेको कुशादेवी, पस्थली, भिमखोरी र नुवाकोटको बालकुमारीमा WiMAX प्रविधिबाट सेवा सञ्चालन क्रममा रहेको छ । सिन्धुपाल्चोकको १२, नुवाकोटको २१ र रसुवाको ९ गरी ४२ Service Point बाट विभिन्न नगरपालिका, विद्यालय र स्वास्थ्य केन्द्रमा Broadband Internet सेवा सञ्चालनमा ल्याइएको छ ।

▲ अन्तर्राष्ट्रिय इन्टरनेट ब्यान्डविथको लागि चीनसँग सम्झौता गरी अप्टिकल फाइबर मार्फत सेवा सञ्चालन गर्न China Telecom सँग सम्झौता सम्पन्न भएको छ । रसुवागढी नाकाबाट सेवा सञ्चालनको तयारी भइरहेको छ । चीनको उच्च पहाडी तिब्बत क्षेत्रमा भारी हिमपात र पहिरोका कारण Optical Fiber मा समस्या आएको र Re- Route गर्नु परेको तथा नेपालको रसुवा नाका क्षेत्रमा गरेको पहिरोका कारण सेवा सञ्चालनमा असर परेको छ । हाल अप्टिकल Connection भई Testing कार्य भइरहेको र यसै महिनाभित्र सेवा सञ्चालन गर्ने तयारी भइरहेको छ । यसबाट सेवामा थप Active र Redundant Path व्यवस्था हुनेछ ।

▲ साथै थप ब्यान्डविथ खरिदका लागि नयाँ बोलपत्र आह्वानको तयारी अन्तिम चरणमा रहेको छ ।

▲ Caller-Ring Back Tone(C-RBT) सेवा २०७३ माघ २२ देखि पुन सञ्चालनमा ल्याइएको छ ।

▲ ADSS Optical Fiber आयोजना : मध्यपहाडी लोकमार्ग तथा पहाडी जिल्लाहरु भोजपुर, संखुवासभा, खोटाङ, रामेछाप, दोलखा, मुस्ताङ, दैलेख, डडेल्धुरा, डोटी, अछाम र बैतडीका 38Exchanges र AGs, 34 BTSs र 19 Repeaters मा Optical Fiber पुऱ्याई Optical Transmission विस्तार गर्ने कार्यको बृहत सर्भे कार्य सम्पन्न भई जडान कार्य अगाडि बढाइएको छ ।

▲ Air Time Credit Management: Prepaid सेवाग्राहीहरुलाई कुरा गर्दा गर्दै Balance सकिए पनि Call निरन्तरता दिन विना ब्याज Loan रकम उपलब्ध गराउने व्यवस्था गरी कम्पनीले सेवा सञ्चालनमा ल्याउने तयारी कार्य गरिरहेको छ ।

## ३.४ ग्राहक सेवा तर्फ :

सबै सेवाका ग्राहकहरुको गुनासा, इन्क्वायरी, जानकारीलाई एकीकृत गरी छिटो तथा सरल रुपमा सेवा प्रदान गर्न Customer Contact Center सञ्चालनलाई विस्तारित र प्रभावकारी बनाउन बाह्यस्रोत मार्फत कार्यका लागि सम्झौता सम्पन्न भइसकेको र यसै महिनाभित्र सेवा पूर्ण रुपमा सञ्चालनमा आउनेछ ।

एकीकृत बिलिङ आयोजना अन्तर्गत Prepaid GSM, Prepaid/Postpaid CDMA र WiMAX सेवा सञ्चालनमा रहेकोमा थप सम्पूर्ण Postpaid GSM र ADSL को बिलिङ सञ्चालन भएको छ । साथै एकद्वारमुखि ग्राहक सेवा प्रणाली (Customer Relationship Management - CRM) सञ्चालन भएको छ ।

साथै तारसहितको सेवा (PSTN/NGN/IMS) को सेवा बिलिङसमेत चालु आर्थिक वर्षभित्र एकीकृत बिलिङबाट सञ्चालन गरिने छ र देशभरी दूरसञ्चारको सम्पूर्ण सेवाहरूलाई एकद्वारमुखि ग्राहक सेवा प्रणाली (Customer Relationship Management - CRM) मार्फत प्रदान गरिनेछ । यसबाट ग्राहकवर्गले छिटो छरितो रूपमा एकै द्वारबाट कम्पनीका सेवा सुविधाहरू प्राप्त गर्न सक्नेछन् ।

## ३.५ सेवाको गुणस्तर सुधार :

● उपकरणहरूको अवरोधरहित सञ्चालन तथा गुणस्तरीय सेवाको लागि कम्पनीको पुनर्संरचनाअनुसार देशभरिका १६ स्थानमा Integrated Maintenance Unit (IMU) गठन भई कार्य प्रारम्भ गरिएको छ । साथै Complaint Audit सिष्टमको थालनी गरिएको र Preventive and Corrective maintenance मा पनि जोड दिई १२/२४ घण्टा सिफ्ट ड्युटि शुरु गरिएको छ ।

● Technical Audit कार्यान्वयनको प्रक्रिया शुरु भएको छ । Problem Finding गरी विविध विषय जस्तै -अन्तर्राष्ट्रिय आगमन कल तथा ADSL डाटासँग सम्बन्धित Audit कार्य भएका छन् ।

● साथै नेपाल दूरसञ्चार प्राधिकरणबाट भएको सर्भे प्रतिवेदनमा समेत कम्पनीको नेटवर्क बिस्तार अब्वल देखिएको छ ।

## ३.६ रणनीतिक साझेदार :

कम्पनीमा रणनीतिक साझेदार भित्र्याउने सम्बन्धमा परामर्शदाता कम्पनी चयन गरी सम्झौता भएको छ । परामर्शदाताको तर्फबाट Due Diligence Audit र Documentation को कार्यमा पनि राम्रो प्रगति भएको छ ।

## ३.७ कर्मचारी वृत्ति बिकास सम्बन्धमा :

● विगत आर्थिक वर्ष २०६७/६८ देखि आर्थिक वर्ष २०७२/७३ सम्म माग भएका खुल्ला तथा आन्तरिक प्रतियोगिता र बढुवा पदपूर्तिका बाँकी रहेका तह ४ देखि ११ सम्मका १४५ पदहरुमा रिक्त पदपूर्ति सम्बन्धि विज्ञापनको नतिजा प्रकाशन गरी १००% पदस्थापना गरिएको छ ।

● कर्मचारीको वृत्तिबिकासका लागि कम्पनीको पुनर्संरचना, VRS, capping अनुरुप कुल दरबन्दी निर्धारण गरी आर्थिक वर्ष २०७३/७४ मा आन्तरिक मूल्याङ्कन बढुवा मार्फत तह ३ देखि ११ सम्मका पदहरुमा माग भएको २१६ पदमा नतिजा प्रकाशन र १००% पदस्थापन भएको तथा लोकसेवा आयोगबाट लिइने खुल्ला १५५ पद र आन्तरिक प्रतियोगिता ६९ पदको परीक्षाको मिति तोकिसकेको छ ।

● चालु आर्थिक वर्ष २०७४/७५ मा तह ४ देखि ११ तहसम्म १२९ पदका लागि बिज्ञापन प्रकाशन गरिएको छ । यसका लागि उम्मेदवारहरुले अनलाइन मार्फत फारम भर्न मिल्ने गरी आवश्यक तयारी भएको छ ।

● कर्मचारी विनियमावली २०६१ संशोधनका लागि लोकसेवा आयोगको सामान्य सिद्धान्तले तोके बमोजिम अगाडि बढाउन कार्यदल गठन भएको छ ।

● कम्पनीका सवारी साधनहरुको उपयोग सम्बन्धमा सवारी निर्देशिका तयार भई कार्यान्वयनमा आएको छ । यसबाट सवारी साधनहरुको समुचित प्रयोग भई सेवा विस्तार आयोजना तथा मर्मत सम्भार कार्यमा सहजता थपिएको छ ।

● यसैगरी यस वर्ष मुलुकभित्रै १,४५० जना र मुलुक बाहिर २५७ जना कर्मचारीलाई तालिममा सहभागी गराइएको छ ।

● UNION CBA निर्वाचनको समेत मिति तोकिसकेको छ, साथै कम्पनीको सञ्चालक समितिमा कर्मचारी प्रतिनिधित्व हुने बारे समेत निर्णय हुने क्रममा रहेको छ ।

## ३.८ कर्मचारी व्यवस्थापन तर्फ :

प्रत्येक कर्मचारीले आ-आफ्नो जिम्मेवारी पूरा गरेमा मात्र कम्पनीले आफ्नो लक्ष्य प्राप्त गर्न सक्ने भएकोले सबै तहका कर्मचारीलाई Performance Contract को अवधारणाभित्र ल्याई जिम्मेवारी वोध गराउने तथा सो कै आधारमा मूल्यांकन गर्ने परिपाटि लागू गर्न सूचना तथा सञ्चार मन्त्रालयका सचिवज्यूसँग मैले साथै म सँग मेरा उच्च व्यवस्थापनले सम्झौता गर्ने कार्य सम्पन्न भइसकेको छ ।

## ३.९ संस्थागत सामाजिक उत्तरदायित्व :

● नेपाल सरकार मौसम तथा जलबायु विज्ञान बिभाग तथा कम्पनीबीच बाढी तथा पहिरोको प्रकोपबाट बच्न अग्रीम SMS सूचना सम्बन्धित ठाउँका बासिन्दाहरुलाई दिई सम्भावित जनधनको क्षति हुनबाट जोगाउने तथा अन्य सुरक्षात्मक कार्य गर्ने उद्देश्य अनुरुप सम्झौता भई हाले विपदको अवधिमा प्रभावित क्षेत्रका बासिन्दालाई विपद आउनु पूर्व ४ लाख ८६ हजारभन्दा बढी SMS Alert पठाइएको छ ।

● यसैगरी तराई क्षेत्रमा आएको बाढीको समयमा तीन दिन सम्पूर्ण कम्पनीका नेटवर्कमा रु. १ करोड १२ लाख बराबर SMS सेवा निःशुल्क उपलब्ध गराएको । यसै सन्दर्भमा नेपाल सरकारको निर्णयअनुसार कम्पनीका सम्पूर्ण कर्मचारीहरुको तर्फबाट रु. ८१ लाख सहयोग गर्न भएको छ ।

● सप्तरी तथा महोत्तरी जिल्लाको बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर तथा निःशुल्क SIM वितरण गरिएको छ ।

● भूकम्पबाट अति प्रभावित जिल्लाहरुमा ICT Center स्थापना गर्दै जाने योजना अन्तर्गत बिगतमा ५ स्थानमा सञ्चालनमा आइसकेकोमा थप ६ जिल्लाहरु भोजपुर, रामेछाप, ओखलढुंगा, सोलुखुम्बु, काभ्रे र नुवाकोटका १/१ वटा सामुदायिक बिद्यालयहरुमा ICT Center स्थापना भएको ।

● कम्पनीको वार्षिकोत्सवको अवसरमा प्रसूति गृह र पाटन अस्पतालमा नवजात शिशुहरुलाई २ सय ५० थान सानो साइजको कम्बल, वीर अस्पताल तथा गंगालाल हृदय केन्द्रमा उपचार गराइरहेका गरिब तथा असहाय बिरामीहरुले अस्पतालमा नै प्रयोग गर्ने गरी २०० थान कम्बल अस्पताल प्रशासनलाई उपलब्ध गराइएको छ । यसैगरी स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र बैतडी, भक्तपुर र साँगालाई ३५ थान विशेष सुविधायुक्त ह्विल चेयर वितरण गरिएको छ ।

● कम्पनीका जीएसएम मोबाइल सेवाबाट आफ्नो website: www.ntc.net.np, recharge.ntc.net.np / meet.ntc.net.np निःशुल्क उपभोग गर्न पाउने गरी उपलब्ध गराएको छ । साथै नेपाल सरकारको नीति बमोजिम सरकारका सूचना सामग्रीहरुमा सर्वसाधारणको पहुँचमा सहजताका लागि २०७४ बैशाख एक गतेदेखि नेपाल सरकारबाट सञ्चालित '.gov.np' domain का करिब ५ सय ५० वटा वेबसाइटहरु समेत यस कम्पनीका जीएसएम मोबाइल सेवाबाट निःशुल्क उपभोग गर्न पाउने गरी उपलब्ध गराएको छ ।

● सर्वसाधारण नेपाली नागरिकलाई टेलिफोन सेवा उपलब्ध गराइएको एक सय वर्ष पूरा (२०७४ जेठ १ गते) भएको उपलक्ष्यमा कम्पनीको सेवा, सुविधा सम्बन्धमा आमसञ्चार माध्यममा २०७३ सालमा प्रकाशित र प्रसारित समाचार सामग्री मध्ये उत्कृष्ट दुईवटा सामग्री छनोट गरी दुई जना सञ्चारकर्मीलाई सम्मान गरिएको छ ।

*(कामिनी राजभण्डारी यस कम्पनीमा खुला प्रतिस्पर्धाबाट प्रबन्ध निर्देशकमा नियुक्त हुने पहिलो ब्यक्ति हुनुहुन्छ । साथै उहाँ यस कम्पनीको पहिलो महिला प्रबन्ध निर्देशक पनि हुनुहुन्छ । उहाँलाई नेपाल सरकारले तीन वर्षका लागि सो पदमा नियुक्त गरेको हो ।)*

# अप्टिकल नेटवर्क विस्तारका लागि सम्झौता

चितवनको मुग्लिनदेखि तनहुँको दुलेगौंडासम्म भूमिगत अप्टिकल फाइवर नेटवर्क विस्तार गर्न नेपाल टेलिकम र सुनकोशी कन्स्ट्रक्सनबीच सम्झौता सम्पन्न भएको छ ।

गत असोज १० गते कम्पनीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी उक्त सम्झौता सम्पन्न भएको हो । सम्झौतामा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र आपूर्तिकर्ता कम्पनी सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रा.लि.को तर्फबाट निर्देशक युवराज भट्टराईले हस्ताक्षर गर्नुभएको थियो ।

सम्झौताअनुसार सुनकोशी कन्स्ट्रक्सनले मुग्लिनदेखि दुलेगौंडासम्म Supply, Delivery, Laying, Installation, Testing र Underground Optical Fiber Network हस्तान्तरण सम्बन्धी सम्पूर्ण कार्य गर्नेछ ।

मुग्लिन-दुलेगौंडा रुटमा भूमिगत अप्टिकल फाइवर नेटवर्क विस्तार पश्चात् सो रुटमा रहेका केही स्टेसनहरुको व्याडविथ वृद्धि हुने तथा केही स्टेसनहरुमा ब्याकअप लिंकको व्यवस्था हुनेछ । साथै, सो नेटवर्कको विस्तार पश्चात् पोखराको मूख्य नेटवर्कलाई काठमाडौंको मुख्य नेटवर्कसँग जोड्न ब्याकअप रुट पनि उपलब्ध हुनेछ ।

# WOWTIME एप्स सञ्चालनमा

नेपाल टेलिकमका मोबाइल फोन प्रयोगकर्ताले अब लाइभ टिभी, मुभी र विभिन्न विधाका भिडियो तथा एफएम एउटै मोबाइल एप्समार्फत हेर्न तथा सुन्न सक्ने भएका छन् । यस प्रकारको सेवा उपलब्ध गराउने एप्स 'वाउटाइम' (WOWTIME) गत असोज ६ गतेबाट सञ्चालनमा आएको छ । नेपाल टेलिकम र विन नेपाल प्रा.लि.को सहकार्यमा सो एप्स सञ्चालनमा आएको हो ।

सो एप्समार्फत लाइभ टिभी, मुभी तथा भिडियो हेर्न र एफएम सुन्न सकिन्छ । लाइभ टिभीमा नेपाली, हिन्दी तथा विदेशी भाषाका विभिन्न विधाका १ सय ३० च्यानल हेर्न सकिन्छ । भविष्यमा च्यानलको संख्या आवश्यकताअनुसार थप्दै जाने योजना छ । त्यसैगरी विभिन्न विधाका मुभी, म्युजिक भिडियो तथा टिभी शोहरु पनि हेर्न सकिन्छ । नेपालमा उपलब्ध एफएम रेडियो समेत यही एप्समार्फत सुन्न सकिन्छ ।

यो सेवा नेपाल टेलिकमका जिएसएम तथा सिडिएमएका प्रिपेड/पोष्टपेड ग्राहकलाई मात्र उपलब्ध हुनेछ । हाललाई दशै तिहारको अवसरमा पहिलो एक महिनाको लागि एप्स सब्स्क्रिप्सन गर्दा लाग्ने उपभोक्ता शुल्क नलिई यो सेवा उपलब्ध गराइएको छ । एक महिनापछि भने ग्राहकले शुल्क तिरेर दैनिक, साप्ताहिक वा मासिक रुपमा सेवा प्राप्त गर्न सक्नेछन् । यो मोबाइल एप्समार्फत उपलब्ध हुने सेवा वाइफाई प्रयोग गरेर तथा मोबाइल डाटा प्रयोग गरेर पनि उपयोग गर्न सकिन्छ ।

सो मोबाइल एप्स गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट डाउनलोड गर्न सकिन्छ । मोबाइल एप्स मोबाइलमा डाउनलोड गरी आफ्नो नाम र मोबाइल नम्बर हाल्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी रजिष्ट्रेसन गरेपछि यसको प्रयोग गर्न सकिन्छ ।

सो एप्स र यसको प्रयोग बारेमा विस्तृत जानकारी www.ntc.net.np तथा www.wowtime.net बाट समेत प्राप्त गर्न सकिन्छ ।

# ल्यान्डलाइन फोनको स्तरोन्नति

*नेपाल टेलिकमले असोज महिनाको मध्यसम्ममा देशका विभिन्न स्थानमा रहेका ९७ हजार २ सय २४ ल्यान्डलाइन फोन स्तरोन्नति गरेको छ । कम्पनीले हाल सञ्चालनमा रहेका पुराना टिडिएम प्रविधिका स्वीचिङ उपकरणलाई नयाँ प्रविधिको आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरेको हो ।*

*वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका अनुसार काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका ३१ एक्सचेन्ज, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका ७ एक्सचेन्ज, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका ७ एक्सचेन्ज, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका १० एक्सचेन्ज, मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका १४ एक्सचेन्ज र सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका २ एक्सचेन्ज गरी ७१ एक्सचेन्जमा नयाँ प्रविधिबाट प्रतिस्थापन गरी स्तरोन्नति गरिएको छ ।*

*दुई महिनाभित्रमा मुलुकका एक लाख ३४ हजार पिएसटिएन टेलिफोन लाइनका उपकरणहरुलाई आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरिने योजनाअनुसार हालसम्म ९६ हजार भन्दा बढी लाइन प्रतिस्थापन गरिएको हो । चालु आर्थिक वर्षभित्रमा कुल चार लाख ल्यान्डलाइन सेवालाई यस प्रविधिबाट प्रतिस्थापन गरिसक्ने कार्यक्रम रहेको छ । साथै त्यसपछि बाँकी ल्यान्डलाइन सेवालाई पनि क्रमशः आइपी बेस्ड प्रविधिमा रुपान्तरण गर्दै लैजाने लक्ष्य रहेको छ ।*

*आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरेपछि ल्यान्डलाइन प्रविधिको भ्वाइस तथा डाटा सेवाको गुणस्तरमा उल्लेखनीय सुधार हुनेछ । यस प्रविधि अन्तर्गतका एक्सचेन्जहरुबाट ग्राहकको मागअनुरुप एडिएसएल लाइन उपलब्ध गराउन समेत सम्भव हुनेछ । साथै भविष्यमा ल्यान्डलाइन सेवामा आधारित अन्य आधुनिक सेवा जस्तै : आइपिटिभी, भिडियो अन डिमान्ड (IPTV, Video On Demand) आदि सेवा समेत प्रदान गर्न मद्दत पुग्ने छ ।*

(१ पेजको बाँकी

# चाडपर्वको अवसरमा ...

६० रुपैयाँमा ५ सय एमबी डाटा भोल्युम १४ दिनका लागि उपलब्ध गराइएको छ । यो प्याक २०७४ कात्तिक १ देखि १५ गतेसम्म लिइसक्नु पर्ने छ ।

**३. कम्बो (Combo) प्याक :** जिएसएम तथा सिडिएमए प्रिपेड/पोष्टपेड मोबाइलमा कम्पनीकै नेटवर्कभित्र भ्वाइस, एसएमएस र डाटा प्याकेज अन्तर्गत १० रुपैयाँमा ६ मिनेट भ्वाइस, ५ वटा एसएमएस र १५ एमबी डाटा भोल्युम प्राप्त हुने गरी कम्बो प्याक उपलब्ध गराइएको छ । यो प्याकेज १ दिनको अवधिसम्म प्रयोग गर्न सकिने व्यवस्था छ । त्यसैगरी २५ रुपैयाँमा १६ मिनेट भ्वाइस, १६ वटा एसएमएस र ३५ एमबी डाटा भोल्युम ३ दिन अवधिका लागि उपलब्ध गराइएको छ । ५० रुपैयाँमा ४५ मिनेट भ्वाइस, २५ वटा एसएमएस र ७० एमबी डाटा भोल्युम ५ दिन, १ सय रुपैयाँमा ११० मिनेट भ्वाइस, ३० वटा एसएमएस र १५० एमबी डाटा भोल्युम १० दिन तथा ३ सय रुपैयाँमा ३६० मिनेट भ्वाइस, ४० वटा एसएमएस र ६ सय एमबी डाटा भोल्युम ३० दिनका लागि उपलब्ध हुने व्यवस्था छ । यो प्याक कात्तिक १ देखि १९ गतेसम्म लिन सकिन्छ ।

**४. भ्वाइस (Voice) प्याक :** जिएसएम तथा सिडिएमए प्रिपेड/पोष्टपेड मोबाइलमा कम्पनीकै नेटवर्कभित्र भ्वाइस प्याक अन्तर्गत १० रुपैयाँमा ११ मिनेट भ्वाइस कल प्राप्त हुने व्यवस्था गरिएको छ । यो प्याकेज १ दिनको अवधिसम्म प्रयोग गर्न सकिने व्यवस्था छ । त्यसैगरी २५ रुपैयाँमा ३० मिनेट ३ दिन अवधिका लागि प्याकेज उपलब्ध छ । ५० रुपैयाँमा ७५ मिनेट ५ दिन, १ सय रुपैयाँमा २०० मिनेट १० दिन र ३ सय रुपैयाँमा ६५० मिनेट ३० दिनका लागि उपलब्ध गराइएको छ । यो प्याक कात्तिक १ देखि १९ गतेसम्म लिन सकिन्छ ।

**५. PSTN/ CDMA Fixed फोनमा बोनस :** PSTN/ CDMA Fixed फोन सेवाका ग्राहकहरुलाई न्यूनतम मासिक महसुल रु. २००/- मा १७५ स्थानीय कल निःशुल्क उपलब्ध गराइरहेकोमा असोज र कात्तिक महिनामा १००/१०० स्थानीय कल थप गरी न्यूनतम मासिक महसुलमा कुल २७५ कल निःशुल्क उपलब्ध गराइएको छ ।

**६. ADSL/FTTH/WiMAX अफर :** कात्तिक २ देखि ८ गतेभित्र Unlimited र Volume Based ADSL Account को समयावधि समाप्त हुने ग्राहकहरुको समयावधि कात्तिक ९ गतेसम्म थप गरिएको छ । त्यसैगरी सोही अवधिमा FTTH/WiMAX Account को समयावधि समाप्त हुने ग्राहकहरुको समयावधि पनि कात्तिक ९ गतेसम्म थप गरिएको छ ।

**७. एसएमएस (SMS) मा छुट :** जिएसएम तथा सिडिएमए प्रिपेड/पोष्टपेड सेवामार्फत कम्पनीकै नेटवर्कभित्र हुने SMS सेवाको विद्यमान महसुल दरमा कात्तिक २ देखि ९ गतेसम्म ५० प्रतिशत छुट उपलब्ध गराइएको छ । उक्त अवधिमा कम्पनीको नेटवर्कभित्र ५० पैसामा SMS गर्न सकिने व्यवस्था गरिएको छ ।

**८. फोरजी सिम निःशुल्क परिवर्तन :** कम्पनीले असोज ५ देखि कात्तिक ३० गतेसम्म फोरजी सेवा लिनका लागि आवश्यक पर्ने सिम (यू सिम) निःशुल्क परिवर्तन गर्न सकिने व्यवस्था गरेको छ । फोरजी सेवा उपलब्ध भएका काठमाडौं, ललितपुर र भक्तपुर तथा पोखराका नेपाल टेलिकमका काउन्टरबाट यू सिम परिवर्तन गर्न सकिन्छ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: newsntc@yahoo.com **फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो** News Letter www.ntc.net.np **मा पनि हेर्न सकिन्छ ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**